## भाग २

## अर्थमन्त्रालय (आय–विभाग) को सूचना

पत्रसंख्या धान था.फा. १।१३१ मिति० ११–१–२७–१

खाद्यान्न, दलहन, तेल, पिना, आलुसमेत, निकासी पैठारी महसूल लिने काम अर्ध अमानतबाट नगरी अमानतैबाट गर्ने निर्णय भएकोले उक्त रकम बढाबढीका दिन डिपोजिट दाखिल गर्नेहरूले सदर मुलुकीखानामा आफ्नो आफ्नो डिपोजिट फिर्ता लिन जानुहोला। सदर मुलुकीखानालाई जो चाहिने अर्डर गरिसकेको छ।

आज्ञाले—

चूडानन्द वैद्य,

का. मु. सेक्रेटरी— अर्थमन्त्रालय.

## अर्थमन्त्रालय (खर्चव्यवस्था–विभाग) को सूचना

संख्या १५२६ ३१—१—०११

अबउप्रान्त सरकारिया कर्मचारीहरूलाई सरकारतर्फबाट र भारतमा तालिम लिन पठाउँदा देहायबमोजिमको लुगाभत्ता दिने निर्णय भएको छ।

| | |
|---|---|
| ग्याजेटेड अफिसरके भारतीय नोट रु छशय | ६००। |
| नन् ग्याजेटेड अफिसरके भारतीय नोट रु पाँचशय | ५००। |
| ना. सुब्बा र स्टेनोग्राफरके भारतीय नोट रु चारशय पचास | ४५०। |

लुगाभत्ता पाउनेले फेरि भारततर्फ खटिएमा १० वर्षसम्म अर्को लुगाभत्ता पाउनेछैन।

आज्ञाले—

हिमालयशमशेर,

सेक्रेटरी — अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।